**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 20.05.2026**

## 1. राज्यपाल श्री ओम प्रकाश माथुर

राज्यपाल श्री ओम प्रकाश माथुर आजदेखि गेजिङ जिल्लाको तीनदिने औपचारिक भ्रमणमा रहनुभएको छ । स्थानीय जनजीवनलाई नजिकबाट बुझ्न र नागरिकहरूसँग प्रत्यक्ष संवाद गर्ने उद्देश्यका साथ राज्यपाल श्री माथुर आज गेजिङ जिल्ला पुग्नुभएको हो । आगामी २२ मईसम्म चल्ने यस भ्रमणको पहिलो दिन आज राज्यपाल कस्तुरबा गान्धी बालिका विद्यालय पुग्दा छात्राहरूले उहाँलाई भव्य स्वागत गरेका थिए । सो अवसरमा राज्यपालले विद्यार्थी, शिक्षक तथा शिक्षा विभागका अधिकारीहरूसँग अन्तरक्रिया गर्दै विद्यालयको अवस्थाबारे जानकारी लिनुभयो ।

उक्त कार्यक्रममा लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा, क्षेत्र विधायक एवं पर्यटन मन्त्री श्री टीटी भोटियाको पनि उपस्थिति रहेको थियो । भ्रमणका क्रममा क्षेत्र विधायक श्री भोटियाले विद्यालयले भोग्नुपरिरहेका विभिन्न चुनौतीहरूबारे राज्यपाललाई अवगत गराउनु भएको थियो भने डा. सुब्बाले पेलिङ हुँदै योक्सम–टाशिडिङ–लेकशेप सड़कलाई राष्ट्रिय राजमार्ग (National Highway) का रूपमा स्तरोन्नति गर्न राज्य सरकारले चालेको कदमबारे जानकारी गराउनुभयो ।

## 2. पाक्योङ जिल्लापाल

मतदाता नामावली लाई सही र स्पष्ट बनाउने उद्देश्यका साथ आज पाक्योङमा जिल्लापाल तथा मुख्य निर्वाचन अधिकारी **परी विश्नोईको** अध्यक्षतामा एउटा महत्त्वपूर्ण बैठक सम्पन्न भयो । बैठकमा आउन लागेको 'विशेष सघन पुनरीक्षण' (Special Intensive Revision) को तेस्रो चरणबारे चर्चा गरिएको थियो । यस अभियान अन्तर्गत: नयाँ र योग्य नागरिकको नाम भोटर लिस्टमा थपिनेछ, बितिसकेका (मृतक) र दुई ठाउँमा नाम भएकाहरूको नाम हटाइनेछ,गल्ती भएका विवरणहरू सच्याइनेछ, र बसाइँ सरेका मानिसहरूको जाँच गरी सोही अनुसार मतदाता नामावली निर्माण गरिनेछ । यसका साथै, उहाँले 'इसिनेट' (ECINET) मोबाइल एपबारे पनि उपस्थित सबैलाई जानकारी गराउनु । यो एपको मद्दतले सर्वसाधारणले आफ्ना क्षेत्रका बुथ अफिसर (BLO) सँग कुरा गर्ने समय तय गर्न सक्नेछन् ।

**यसै** (Special Intensive Revision) अभियान अन्तर्गत आज नाम्चीमा पनि नाम्ची जिल्ला निर्वाचन अधिकारी तथा जिल्लापाल **अनुपा तामलिङ**को अध्यक्षतामा जिल्ला प्रशासनिक केन्द्र नाम्ची स्थित जिल्लापालको कार्यकक्षमा एउटा बैठक सम्पन्न भएको छ ।

जिल्लापाल तामलिङले निर्वाचनलाई निष्पक्ष बनाउन भोटर लिस्ट सही हुनुपर्ने कुरामा जोड दिँदै यस विशेष अभियानलाई सफल बनाउन सबै दलका प्रतिनिधिहरूसँग सहयोगको अपिल गर्नुभएको छ ।

भारतको निर्वाचन आयोगद्वारा 'स्पेशल इन्टेन्सिभ रिभिजन' (SIR) को घोषणा गरिएसँगै मङ्गन जिल्ला निर्वाचन अधिकारीको कार्यालयले आफ्नो तयारी तीव्र पारेको छ ।

यसै सिलसिलामा, मङ्गन जिल्ला अन्तर्गतका सबै निर्वाचक रजिस्ट्रीकरण अधिकारी (EROs) र सहायक निर्वाचक रजिस्ट्रीकरण अधिकारी (AEROs) हरूका लागि भिडियो कन्फरेन्सिङ (VC) मार्फत एक दिने पुनर्ताजगी तालिम कार्यक्रम आयोजना गरिएको थियो ।

### 3.मन्त्री श्री सामडुप लेप्चाले

सिक्किम सरकारका सामाजिक कल्याण विभाग मन्त्री **श्री सामडुप लेप्चाले** आज समाज कल्याण भवनमा आयोजित एक विशेष कार्यक्रमका बीच विभिन्न सङ्घ-संस्थाहरूलाई कल्याणकारी चेक वितरण गर्नुभयो ।

यस कार्यक्रममा राष्ट्रिय पारिवार लाभ योजना (National Family Benefit Scheme) अन्तर्गत योग्य लाभग्राहीहरूलाई चेक हस्तान्तरण गरिएको थियो । यसका साथै, असहाय र वृद्धवृद्धाहरूको सेवामा लागेका विभिन्न गैर-सरकारी संस्था (NGO) र वृद्धाश्रमहरूलाई उनीहरूको कल्याणकारी कार्यमा मद्दत पुगोस् भनी विभागको तर्फबाट आर्थिक सहयोग पनि प्रदान गरिएको थियो ।

### 4.म्याजिकल फोर'(Magical Four)

म्याजिकल फोर'(Magical Four) ले परिचित सिक्किमका चार प्रख्यात धावकहरू **भुपेन्द्र हाङ सुब्बा, अनुप जे बानिया, बसन्त प्रधान र लभ बर्मन**को धावक टोलीले आफ्नो ऐतिहासिक **"सिक्किम राज्यत्व स्मारक रन"** को दोस्रो चरण १९ मे २०२६ मा सफलतापूर्वक पूरा गर्दै भारतका सबैभन्दा अग्ला मोटरेबल पास मध्ये एक मानिने डोङ्खा-ला पुगेका छन् ।
१६ मईमा गान्तोकबाट सिक्किमका खेल मन्त्रीद्वारा झण्डा देखाएर प्रस्थान गराइएको चारदिने सहनशीलता अभियान भारतीय सेनासँगको सहकार्यमा सम्पन्न गरिएको थियो । अभियान

मार्फत, प्रतिकूल मौसम र उच्च हिमाली चुनौतीबीच टोलीले **"सुनौलो अनि समृद्ध सिक्किम"** को परिकल्पना तथा वातावरण संरक्षणको सन्देशसमेत प्रवर्द्धन गरेको थियो । स्मरण रहोस् यो धावक टोलीले वर्ष २०२४ मा इन्डिया बुक अफ रेकर्ड्समा आफ्नो नाम दर्ता गरिसकेको छ भने आगामी दिनमा भारतका १० सबैभन्दा अग्ला मोटरेबल पासहरू विजय गर्ने लक्ष्य लिएको छ ।

## 5.प्यारालिम्पिक

खेलकुद तथा युवा मामिला विभागद्वारा प्यारालिम्पिक कमिटी अफ इन्डिया (PCI) सँगको सहकार्यमा दिव्यङ्गजनहरूको शारीरिक तथा सामाजिक कल्याणका लागि आयोजित दुई दिने पारा खेलकुद प्रशिक्षण तथा कार्यशाला आज गान्तोकको पाल्जोर स्टेडियममा सफलतापूर्वक सम्पन्न भएको छ ।

समापन समारोहलाई सम्बोधन गर्दै खेलकुद तथा युवा मामिला विभागका निर्देशक आर.बी. विश्वकर्माले कुनै पनि खेलकुद प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि खेलाडी, प्रशिक्षक र खेल अधिकारीहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहने कुरामा जोड दिनुभयो ।

## 6.विद्युत विभाग (Power Department)

सिक्किम सरकारको विद्युत विभाग (Power Department) ले बिजुली कटौती सम्बन्धी एउटा जरूरी सूचना जारी गरेको छ । सूचना अनुसार, सामदुर स्थित वन कार्यालय (Forest Office) परिसरमा रहेको ८०० केभीए (800 kVA) वितरण सब-स्टेसनमा भोलि एउटा विशेष मर्मत र सुधारको काम गरिने भएको छ ।

यसै कारण, भोलि बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म त्यस क्षेत्रको विद्युत आपूर्ति पूर्ण रूपमा बन्द रहनेछ ।

विद्युत विभागका अनुसार यस क्षेत्रमा बारम्बार बिजुली जाने-आउने (आउटेज) समस्यालाई जरैदेखि हटाउन र उपभोक्ताहरूलाई बिना कुनै अवरोध भरपर्दो बिजुली दिनका लागि यो कदम चालिएको हो मर्मतको अवधिमा विशेष गरी चौथो माइल, तल्लो सामदुर (4th Mile Lower Samdur) र रानीपुल एसबीआई (SBI) बैंक माथिको क्षेत्रमा बिजुली आपूर्ति बन्द रहने सम्भावना छ ।